ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 14.08.2024

**प्रेसिडेन्ट ब्रोडकास्ट**

राष्ट्रले भोलि ओफ्नो अठात्तरौं स्वन्त्रता दिवस मनाउनेछ। प्रधानमन्त्री श्री नेरन्द्र मोदीले लाल किल्लको प्राचीरबाट राष्ट्रिय झण्डा फहराउनुहुनेछ र राष्ट्ररलाई सम्बोधन गर्नुहुनेछ। स्वतन्त्रता दिवसको पूर्व सन्ध्यामा राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज राष्ट्रलाई सम्बोधन गर्नुहुनेछ। यो सम्बोधन आकाशवाणीका सम्पूर्ण राष्ट्रिय नेटवर्कमा अहिले सात बजी प्रसारित हुनेछ। यो आकाशवाणीको आधिकारिक यूट्यूब च्यानल आकाशवाणी ए. आई आर मा पनि उपलब्ध रहनेछ। राष्ट्रपतिको सम्भाषणको नेपाली भाषानुवाद गान्तोक केन्द्रबाट आज राती नौ बजेर तीस मिनटमा सुन्न सकिनेछ।

**पिएम ब्रोडकास्ट**

स्वाधीनता दिवसको अवसरमा प्रधानमन्त्रीद्वारा लाल किल्लाबाट राष्ट्रिय ध्वजारोहण र राष्ट्रको नाम सम्वोधनलाई आकाशवाणीका विभिन्न च्यानलहरूमा सीधा प्रसारित गरिनेछ। आकाशवाणी गान्तोकले पनि भोलि बिहान सात बजेदेखि यो कार्यक्रम प्रत्यक्ष प्रसारण गर्नेछ। गान्तोक केन्द्रबाट भोलि राज्यपाल श्री ओम प्रकाश माथुर मुख्यमन्त्री श्री प्रेमसिंह तामङद्वारा राज्यवासीहरूको नाउँ सन्देश पनि प्रसारित गरिनेछ।

**इण्डिपेनडेन्स् डे प्रोग्राम दिल्ली**

केन्द्र सरकारले लाल किल्लामा आयोजित हुने समारोहका लागि विशेष अतिथिको रूपमा पञ्चायती राज संस्थाहरूका चार सय निर्वाचित प्रतिनिधिहरू र राज्य तथा केन्द्रशासित प्रदेशहरूका एक सय साठी भन्दा अधिक क्षेत्रीय पदाधिकारीलाई आमन्त्रित गरेको छ। यी मध्ये उत्तर सिक्किमको तिङभोङ ग्राम पञ्चायत इकाइकी पञ्चायत सभापति श्रीमती लाकित लेप्चा पनि सामेल हुनुहुन्छ। उहाँ महिला नेतृत्व सम्बन्धी आज आयोजन गरिएको कार्यशालमा पनि सहभागी हुनुभयो।

नेतृत्व क्षमता बढ़ाउने र स्थानीय शासनमा महिलाहरूले सामना गर्नु पर्ने चुनौती तथा अवसरहरूबारे चर्चा गर्ने उद्देश्यले यसको आयोजना गरिएको थियो। लाल किल्लामा भोलि हुने समारोहको अवलोकन गर्न राज्यका दुइजना लखपति दिदीहरू श्रीमती चन्दरकला राई र श्रीमती सङकित् लेप्चालाई पनि आमन्त्रण गरिएको छ। ग्रामीण विकास विभाग अन्तर्गत सिक्किम ग्रामीण आजीविका मिशनमा उहाँहरूको उल्लेखनीय योगदानलाई ध्यानमा राखेर आमन्त्रित गरिएको हो।

**इण्डिपेन्डेन्स् डे (स्टेड)**

राज्यमा पनि भोलि स्वतन्त्रता दिवस धुमूधामले मनाइनेछ। मुख्य समारोह गान्तोकको पाल्जोर स्टेडियममा आयोजित हुनेछ। यसमा मुख्यमन्त्री श्री प्रेमसिंह तामङ्ले राष्ट्रिय झण्डा फहराउनका साथै विभिन्न कन्टिण्जेण्टका परेडको सलामी लिनुहुनेछ।

पुलिस पदका प्रमाणपत्र उल्लेखनीय सेवा पुरस्कार र प्रशंसा प्रमाणपत्र प्रदान गर्न बाहेक टिष्टा रङ्गीत अबिरल कलम पुरस्कार अलकरण राज्य स्थापनाको पचास वर्ष सम्वन्धी लोगो तथा जिगंल अनि पुस्तक लोकार्पण कार्यक्रमका अन्य आकर्षण रहनेछन्। समारोह विहान आठ बजी शुरू हुनेछ। सँधै झै अन्य समष्टिमा पनि स्वाधीनता दिवस समारोह आयोजित हुनेछ।

## हर घर तिरंगा

हर घर तिरङ्गा अभियान देशवासीहरूमा राष्ट्रभक्तिको भावना बढ़ाउनका लागि गत नौ तारीकदेखि शुरू गरिएको छ। भोलि पन्ध्र अगस्तमा समाप्त हुने यस अभियानका लागि सरकारले मानिसहरूसित आ- आफ्ना घरमा तिरंगा फहराउने र तिरंगासित एउटा सेल्फी खिचेर हर घर तिरंगा वेबसाइटमा अलोड गर्ने आग्रह गरेको छ।

यसै अभियान अन्तर्गत आज पाकिम जिल्ला अन्तर्गत पारखा प्रखण्ड प्रशासनिक केन्द्रमा तिरङ्गा यात्रा आयोजन गरियो। राष्ट्रिय झण्डाका लागि एकताको मूल्य दर्शाउन आयोजित गरिएको कार्यक्रम पारखा निम्न माध्यमिक पाठशालाका विद्यार्थीहरू र क्षेत्रका मानिसहरू सहभागी बने।

## स्पेसियल तिरंगा यात्रा

पाकिमका जिल्लाधीश श्री अगवाने रोहन रमेशले आज जिल्ला प्रशासनिक केन्द्र पाकिमबाट दिव्याङ्गहरूको विशेष तिरंगा यात्राको शुभारम्भ गर्न्भयो। दिव्याङ्गगरूको कौशल विकास, पुनर्वास तथा सक्तिकरणका लागि समग्र क्षेत्रीय केन्द्र सिआटी सिक्किमद्वारा आयोजित तिरंगा यात्रा अन्तर्गत सिक्किम राष्ट्रिय परिवहन विभागले व्यवस्था गरेको वसमा उनीहरूलाई राङका गुम्पा र सरमसा बगैंचा जस्ता स्थानहरूको भ्रमण गराइयो। यस यात्रामा पाकिमबाट पैंतिसजना विद्यार्थईहरू र चारजना विशेष शिक्षक अनि सिआरसी सिक्किम र सिक्किम शिक्षा सोसाइटीका अधिकृतहरू सामेल थिए।

## एक पेड़ माँ के नाम

राज्यमा स्वतन्त्रता दिवसको उपलक्ष्यमा स्वस्तिक परियोजनाको सात सय अन्ठाउन्न सीमा सड़क कार्यबल बिआरटिएफ ले एक पेड़ माँ के नाम अभियान अन्तर्गत ब्यापक स्तरमा विरूवारोपण गर्यो। उत्तर र पूर्व सिक्किमका सुदुरवर्ती क्षेत्रहरूमा सक्रिय, सीमा सड़क कार्यबलले जवाहरलाल नेहरू मार्गमा तीनसय भन्दा धेरै  विरूवाहरू रोप्यो। यस अवसरमा स्थानीय पार्षद सुश्री छुङकेला लेप्चाले पनि विरूवा रोपेर स्थानीय मानिसहरूलाई पर्यावरणप्रति जागरूक हुनुपर्ने सन्देश दिनुभयो।

## निउ एसआई सी

श्री कुबेर भण्डारी सिक्किमका नयाँ राज्य सूचना आयुक्त हुनुभएको छ। राज्य मुख्य सूचना आयुक्त शअरी बाई पी गुरूङले गान्तोकको टाशीलिङ सचिवालयमा उहाँलाई शपथ ग्रहण गराउनुभयो। स्मरण रहोस् श्री कुबेर भण्डारीले सेवानिवृत्त हुन अघि विभिन्न विभागका सचिवको रूपमा कार्य गर्नुभएको हो।